# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली

**बसपार्क सञ्चालन तथा व्यवस्थापन ठेक्का सम्वन्धि शिलवन्दी वोलपत्र आव्हानको सूचना**
**(कार्यालयमा प्रथम पटक प्रकासित मिति २०७७/११/१७)**

टीकापुर नगरपालिकाद्धारा संचालनमा रहेको वडा नं. १ स्थित टीकापुर बसपार्क भित्र सवारीसाधन पार्किङ्ग क्षेत्र तथा होटल, सपिङ्ग कम्पलेक्स एकिकृत प्याकेजका रुपमा ठेक्का बन्दोबस्त निजीक्षेत्र मार्फत संचालन तथा व्यवस्थापन गराउनु पर्ने भएकोले तोकिएको शर्त, नियम तथा प्रावधानहरुको पालना गर्ने गरि कार्य गर्ने इच्छुक व्यवसायिक फर्म तथा कम्पनीहरुले रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक्का अंक (मू.अ.क. बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| २७/२०७७/७८ | टीकापुर बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्वन्धि ठेक्का । | रु. १९,६५,७५३.४२ | कबोल अंकको ५% | रु. १०००।- | आव २०७७७८ देखि २०७९।०८० सम्म | २ वर्ष ३ महिना |

**शर्तहरु**

१. इच्छुक बोलपत्रदाताले लिखित निवेदन सहित सूचना प्रकासित भएको मितिले १५ औं दिन (मिति २०७७/१२/०२ गते) कार्यालय समयभित्र यस कार्यालयको राजस्व उपशाखाबाट बोलपत्र फारम खरिद गर्नुपर्नेछ ।

२. कार्यालयबाट खरिद गरिएको बोलपत्र फारम १६ औं दिन (मिति २०७७/१२/०३ गते) दिनको १२:०० बजेभित्र टीकापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । उक्त शिलवन्दी वोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधीहरुको रोहबरमा टीकापुर नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ, बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन , दाखिला गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनमा सो बोलपत्र खोल्ने कार्य हुनेछ ।

४. शिलवन्दी वोलपत्र फारम लिंदा फर्म/कम्पनी दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । रित नपुगेका कागजात नपुगेका फर्म/कम्पनी उपर कुने काम कारवाही हुने छैन ।

५. सिलवन्दी बोलपत्र फारमको खाम बाहिर यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्वोधन गरी सम्वन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी बोलपत्रदाताहरुको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्नेछ ।

६. शिलवन्दी बोलपत्र दाताले सिलवन्दी बोलपत्र फारामको रकम रु. १,०००।-मात्र यस कार्यालयको राजस्व शाखामा जम्मा गरी शिलवन्दी वोलपत्र फारम लिनुपर्नेछ र सिलवन्दी बोलपत्र दर्ता गर्ने दिन जम्मा हुन आउने धरौटी रकम टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३०००००३००००००००१ मा तोकिएको धरौटी जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले सो रकम वरावरको हुने कम्तीमा ९० दिन म्याद भएको टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको जमानीपत्र

प्रमुख प्रशासकीय अधिकृत

(बिडबण्ड) पेश गर्नु पर्नेछ ।

७. बोलपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको रकम कम्तीमा ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नुपर्नेछ ।

८. यस नगरपालिका क्षेत्रभित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्यरुपमा यस नगरपालिकाको व्यावसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ, साथै नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ ।

९.ठेक्का स्वीकृत भएपछि प्रथम किस्ता बराबरको रकम सम्झौता हुनु अगावै दाखिला गर्नुपर्नेछ र बाँकी किस्ताको रकम आ. व. २०७८।०७९ जेठ १० गते भित्र बुझाई सक्नुपर्ने छ ।

१०. ठेक्का सम्झौता पछिको बुझाउन बाँकी किस्ता रकम बराबरको ठेक्का अवधिसम्मको बैंक ग्यारेण्टी अनिवार्य पेश गर्नुपर्नेछ ।

११. कबोल गरेको वार्षिक ठेक्का रकम अग्रीम रुपमा एकमुष्ट बुझाएमा ५ प्रतिशत छुट दिइनेछ ।

१२. बसपार्क भित्र रहेको सरसफाई लगायत विद्युत तथा पानी महशुल स्वयं दोस्रो पक्षले नै सम्वन्धित निकायलाई बुझाई कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

१३. यस कार्यालयबाट प्रमाणित नगरी बिक्रि भएको, म्याद नाघी आएको बोलपत्र माथी कुनै कारबाही गरिने छैन ।

१४. बजार बन्द हुन गएमा, बस संख्या घट्न गएमा, बन्द, हड्ताल, चक्काजाम भएमा समेत सो अवधिको ठेक्का कबोल अंकमा छुटको लागि कुनै हकदाबी गर्न पाइनेछैन ।

१५. पार्किङ्ग शुल्क तथा शौचालय प्रयोगको दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिइएको छ । थप जानकारीका लागि टीकापुर नगरपालिका राजस्व उपशाखाको सम्पर्क नं. ०९१-५६०७९३ मा सम्पर्क राख्न सकिनेछ ।

१६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१७. सम्वन्धित निकायलाई बुझाउनु पर्ने प्रचलित नियमानुसारको कर बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

१८. अन्य कुराहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानुन बमोजिम हुनेछ ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

.................................................
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत